आज मिति २०८१/०९/२८ गते आईतबारका दिन मध्यविन्दु नगरपालिकाको नगरसभाको १६ औं बैठक नगर प्रमुख श्री भिमलाल अधिकारीज्यूको अध्यक्षता र तपशिलका नगरसभा सदस्यहरुको उपस्तिथिमा सम्पन्न गरियो ।

तपसिलः-

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिमलाल अधिकारी | नगर प्रमख | |
| २ | श्री पूर्णकला चौधरी | नगर उप-प्रमुख | |
| ३ | श्री शिशिर पौडेल | प्र.प्र. अधिकृत | |
| ४ | श्री तिलक राम न्यौपाने | वडा अध्यक्ष (वडा नं. १) | |
| ५ | श्री राम भक्त अधिकारी | वडा अध्यक्ष(वडा नं. २) | |
| ६ | श्री मान बहादुर महतो | वडा अध्यक्ष(वडा नं. ३) | |
| ७ | श्री डिल्ली राम थारु | वडा अध्यक्ष (वडा नं. ४) | |
| ८ | श्री गणेश प्रसाद पाठक | वडा अध्यक्ष (वडा नं. ५) | |
| ९ | श्री लाभ प्रसाद पाठक | वडा अध्यक्ष (वडा नं. ६) | |
| १० | श्री कर्ण बहादुर मल्ल | वडा अध्यक्ष (वडा नं. ७) | |
| ११ | श्री पर्शु राम महतो | वडा अध्यक्ष (वडा नं. ८) | |
| १२ | श्री मदन बहादुर कुमाल | वडा अध्यक्ष (वडा नं. ९) | |
| १३ | श्री रण बहादुर थापा क्षेत्री | वडा अध्यक्ष (वडा नं. १०) | |
| १४ | श्री महेश्वर भुषाल | वडा अध्यक्ष (वडा नं. ११) | |
| १५ | श्री कान्ता प्रसाद कुमाल | वडा अध्यक्ष (वडा नं. १२) | |
| १६ | श्री अर्जुन प्रसाद पंगेनी | वडा अध्यक्ष (वडा नं. १३) | |
| १७ | श्री मिन बहादुर दर्लामी मगर | वडा अध्यक्ष (वडा नं. १४) | |
| १८ | श्री यम बहादुर के.सी | वडा अध्यक्ष (वडा नं. १५) | |
| १९ | श्री हिरा कुमारी कुमाल | कार्यपालिका सदस्य | |
| २० | श्री शिव कुमारी मल्ल | कार्यपालिका सदस्य | |
| २१ | श्री कोपिला ज्ञवाली | कार्यपालिका सदस्य | |
| २२ | श्री कृष्ण प्रसाद विश्कर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री उमा कुमाल | कार्यपालिका सदस्य | |
| २४ | श्री प्रकाश परियार | कार्यपालिका सदस्य | |
| २५ | श्री नारायणी कार्की | कार्यपालिका सदस्य | |
| २६ | श्री शान्ता वि.क. | कार्यपालिका सदस्य | |

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| २७ | श्री रेम कुमारी महतो | वडा सदस्य | |
| २८ | श्री राधिका दमाई | वडा सदस्य | |
| २९ | श्री हेम राज महतो | वडा सदस्य | |
| ३० | श्री जिवन गिरी | वडा सदस्य | |
| ३१ | श्री शान्ती परियार | वडा सदस्य | |
| ३२ | श्री तिलक राम थनेत | वडा सदस्य | |
| ३३ | श्री बेनी राम थारु | वडा सदस्य | |
| ३४ | श्री यम कुमारी महतो | वडा सदस्य | |
| ३५ | श्री सावित्री सार्की | वडा सदस्य | |
| ३६ | श्री योगमान चौधरी | वडा सदस्य | |
| ३७ | श्री संगिता नेपाली | वडा सदस्य | |
| ३८ | श्री श्याम लाल जैसी | वडा सदस्य | |
| ३९ | श्री गुन बहादुर थारु | वडा सदस्य | |
| ४० | श्री डिल कुमारी महतो | वडा सदस्य | |
| ४१ | श्री बल बहादुर के. सी. | वडा सदस्य | |
| ४२ | श्री विर बहादुर कुमाल | वडा सदस्य | |
| ४३ | श्री पार्वती वि.क. | वडा सदस्य | |
| ४४ | श्री सोख्त बहादुर मगर | वडा सदस्य | |
| ४५ | श्री यम बहादुर थारु | वडा सदस्य | |
| ४६ | श्री लक्ष्मी वि.क | वडा सदस्य | |
| ४७ | श्री अर्जुन पुरी (का.वा) | वडा सदस्य | |
| ४८ | श्री युवराज पाठक | वडा सदस्य | |
| ४९ | श्री मिना कुमारी कुमाल | वडा सदस्य | |
| ५० | श्री अन्जु कुमारी परियार | वडा सदस्य | |
| ५१ | श्री सञ्जय पोखेल | वडा सदस्य | |
| ५२ | श्री सुन्दर प्रसाद देवकोटा | वडा सदस्य | |
| ५३ | श्री सिता वि.क. | वडा सदस्य | |
| ५४ | श्री तिलक बहादुर कुमाल | वडा सदस्य | |

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| ५५ | श्री तुलसी प्रसाद सारु मगर | वडा सदस्य | |
| ५६ | श्री तुल्सी देवी थापा | वडा सदस्य | तुल्सी |
| ५७ | श्री डिल माया दमै | वडा सदस्य | |
| ५८ | श्री गोप वहादुर खाम्चा | वडा सदस्य | |
| ५९ | श्री देवेन्द्र बहादुर कुमाल | वडा सदस्य | |
| ६० | श्री कृष्णकला पछाई क्षेत्री | वडा सदस्य | |
| ६१ | श्री शारदा दमै | वडा सदस्य | शारदा |
| ६२ | श्री ओम बहादुर गुरुङ्ग | वडा सदस्य | |
| ६३ | श्री ओम लाल थापा मगर | वडा सदस्य | |
| ६४ | श्री पुनम नगरकोटी | वडा सदस्य | |
| ६५ | श्री सरिता कुमाल परियार | वडा सदस्य | सरिता |
| ६६ | श्री सुरेन्द्र बहादुर कुमाल | वडा सदस्य | |
| ६७ | श्री चेत बहादुर सिंजाली | वडा सदस्य | |
| ६८ | श्री लिला माया सिंजाली | वडा सदस्य | |
| ६९ | श्री धनी सरा नेपाली | वडा सदस्य | धनी |
| ७० | श्री पाण्डव खनाल | वडा सदस्य | |
| ७१ | श्री चन्द्र बहादुर खाण ठकुरी | वडा सदस्य | |
| ७२ | श्री पुनिसरा सुनार | वडा सदस्य | पुनिसरा |
| ७३ | श्री अनिसरा परियार | वडा सदस्य | |
| ७४ | श्री देवी राम आले मगर | वडा सदस्य | |
| ७५ | श्री नर बहादुर दमाई | वडा सदस्य | |
| ७६ | श्री अर्चना कुमाल | वडा सदस्य | |
| ७७ | श्री चुन माया सुनार | वडा सदस्य | |
| ७८ | श्री राम चन्द्र ज्ञवाली | वडा सदस्य | |
| ७९ | [illegible] | [illegible] | |
| ८० | | | |
| ८१ | | | |
| ८२ | | | |

नगरसभा बैठक

आ.व.२०८१/०८२

बैठक संख्याः- १६

मितिः२०८१/९/२८

समयः दिउसो १:०० बजे

स्थानः नगर सभाहल

प्रस्तावहरुः

१. आ.व. २०८१/०८२ को अर्धवार्षिक समिक्षा प्रतिवेदन एबम् बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा।

२. नगर प्रहरी ऐन, २०७९ को संशोधन प्रस्ताव स्वीकृति सम्बन्धमा।

३. विविध।

क. दमार खानेपानी आयोजना सम्बन्धमा।

ख. सेवा प्रवाहको मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा।

निर्णयहरुः

१. नगर उपप्रमुखद्वारा प्रस्तुत आ.व. २०८१/०८२ को अर्धवार्षिक समिक्षा प्रतिवेदन, न्यायिक समितिको प्रगति विवरण एबम् अनुसूचि १ बमोजिमको बजेट तथा कार्यक्रमको संशोधन प्रस्ताव स्वीकृति गर्ने निर्णय गरियो।

## मध्यविन्दु नगरपालिका नगर सभाको सोह्रौं बैठकमा नगर उपप्रमुख श्री पूर्णकला चौधरीबाट प्रस्तुत समिक्षा प्रतिवेदन तथा कार्यक्रम संशोधन प्रस्ताव

**आदरणीय सभाध्यक्ष ज्यू,**

**नगरसभाका सदस्य ज्यूहरु**

मध्यविन्दु नगरपालिकाको यस गरिमामय नगरसभामा आ.व. २०८०/०८१ को यथार्थ आय व्यय विवरण, चालु आ.व. २०८१/०८२ को अर्ध वार्षिक प्रगति विवरण र नगरसभाको पन्ध्रौं बैठकबाट पारित बजेट तथा कार्यक्रमको संशोधित स्वरुप प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ।

जनताका परिवर्तनगामी संघर्ष र आन्दोलनहरुको उपलब्धी स्वरुप प्राप्त नेपालको संविधानले स्थानीय तहलाई शासकीय रुपमा अधिकार सम्पन्न बनाई नागरिकको नजिकको सरकारको रुपमा स्थापित गरेको छ । मध्यविन्दु नगरपालिका सोही अधिकारको उच्चतम प्रयोग गरी नागरिकको सेवा प्रवाह र सर्वाङ्गीण विकास प्रयासमा जुटिरहेको छ। यस अवसरमा नागरिकका अधिकार प्राप्तिका लागि भएका सबै आन्दोलनहरुमा आफ्नो जीवन अर्पण गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। बेपत्ता तथा घाइते परिवारप्रति सम्मान सहित घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसैगरी राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नु हुने सम्पूर्ण अग्रजहरू प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरूले पुऱ्याउनु भएको अमूल्य योगदानको स्मरण गर्न चाहान्छु।

**सभाध्यक्ष महोदय,**

अब म गत आ.व.२०८०/०८१ को यथार्थ आय, व्यय र नगद मौज्दातको स्थिती प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आ.व.२०८०/०८१ मा आन्तरिक राजश्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त विभिन्न अनुदान र राजश्व बाँडफाँट समेत गरी कुल आय रु. ८६ करोड ३५ लाख ५२ हजार प्राप्त भएको छ भने कुल व्यय तर्फ रु. ७५ करोड १९ लाख २ हजार रहेको छ । जसमध्ये चालु तर्फ रु. ५० करोड ९१ लाख ७० हजार, पूँजीगत तर्फ रु २४ करोड २७ लाख ३२ हजार खर्च भएको छ। यसैगरी रु. २ करोड २६ लाख १७ हजार संघीय तथा प्रदेश सरकारलाई निकासा फिर्ता भएको छ। यसरी आ.व. २०८०/०८१ को अन्त्यमा सञ्चित कोष तर्फ बैङ्क मौज्दातको रुपमा जम्मा रु. ११ करोड १६ लाख ५० हजार रहेको छ।

भिमलाल अधिकारी
नगर प्रमुख

सभाका सदस्य ज्यूहरु,

अब म,

आ.व. २०८१/०८२ को नगरसभाको पन्ध्रौं बैठकबाट पारित कार्यक्रम तथा बजेट कार्यान्वयनको अर्ध-वार्षिक प्रगति समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

चालु आ.व. २०८१/८२ मा जम्मा १ अर्ब ७ करोड २७ लाख ७९ हजारको बजेट पारित भएकोमा हालसम्म कुल आय रु. ५६ करोड ४० लाख ५८ हजार अर्थात ५२.५७ प्रतिशत प्राप्त भईसकेको छ। आ.व. २०८१/०८२ को चालु तर्फ विनियोजित बजेट रु. ६१ करोड ९१ लाख ४७ हजार मध्ये हालसम्म रु. १५ करोड ८१ लाख ३० हजार अर्थात २५.५४ प्रतिशत खर्च भएको छ । यसै गरी पूँजीगत तर्फ विनियोजित बजेट रु. ४५ करोड ३६ लाख ३२ हजार मध्ये रु. १० करोड २५ लाख ३१ हजार अर्थात २२.६० प्रतिशत खर्च भएको छ।

आदरणीय सभाध्यक्ष ज्यू,

नगर सभाका सदस्य ज्यूहरु,

अब, म चालु आ.व. २०८१/०८२ को हालसम्ममा नगरपालिकावाट सम्पादन भएका मुख्य मुख्य गतिविधिहरु संक्षेपमा राखे अनुमति चाहन्छु।

१. नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनलाई व्यवस्थित गर्न यस अवधिमा २ वटा निर्देशिका र ५ वटा कार्यविधि निर्माण गरिएको छ भने १ वटा कार्यविधि संशोधन गरिएको छ ।

२. आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन तर्फ ९० अंक प्राप्त भएको छ ।

३. १५ शैयाको नगर अस्पतालको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने वडा नं. ७ को कार्यालय भवन, पुस्तकालय भवन निर्माण सम्पन्न भैसकेको छ।

४. वडा नं. ८ को चौरङ्गी ल्होसेधारा हुँदै झ्याङ्गट्टा सडक २७३० मिटर, वडा नं. ९ को मध्यविन्दु हुप्सेकोट सिमा सडक २१३ मिटर र वडा नं.१० को All Weather Access Road २१३१ मिटर गरी जम्मा ५०७४ मिटर सडक कालोपत्रे सम्पन्न भएको छ ।

५. मध्यविन्दु नगरपालिका स्थापना भएको दिन "असोज १ गते" लाई स्थापना दिवसको रुपमा मनाउन सुरू गरिएको छ। प्रथम नगर स्थापना दिवस कार्यक्रम गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको छ।

६. स्वच्छ, हराभरा, सफा र सुन्दर मध्यविन्दु निर्माण अभियान अन्तर्गत फोहोर वर्गिकरण गरी संकलन तथा व्यवस्थापन कार्य सवै वडामा विस्तार गरिएको छ । कुहिने फोहोरको उपयोग गरी जैविक मल उत्पादान कार्य सुरु गरी हालसम्म १२ हजार के.जी. मल

भिमलाल अधिकारी
नगर प्रमुख

बिक्री भएको छ। गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री ज्यूले नगरपालिकाको सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन केन्द्रको समुदघाटन गर्नुभएको थियो।

७. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत कृषि उद्यमशीलता तथा जैविक खेति परियोजनाको प्रस्ताव स्वीकृत भई गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसंग रु. १ करोडको सम्झौता एवम् कार्यक्रम संचालन गरिएको छ। यस संगै मध्यविन्दु नगरपालिका विगत तिन वर्ष सम्म लगातार मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममा समावेश हुने गण्डकी प्रदेशको एक मात्र नगरपालिका बनेको छ।

८. निर्माण व्यवासायीद्वारा संचालन गरिने आयोजना मध्ये सबै जसो आयोजनाको बोलपत्र सूचना प्रकाशन, सम्झौता भई कार्यान्वयन चरणमा रहेका र उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना मध्ये ५० प्रतिशत आयोजनाहरु सम्झौता भई निर्माणको क्रममा रहेका छन् ।

९. बहुवर्षे आयोजनाहरु गिरुवारी खोला करिडोर र फोहरमैला व्यवस्थापन केन्द्र निर तटबन्ध निर्माण कार्य दोश्रो वर्षमा निर्माणाधिन अवस्थामा रहेका छन्।

१०. विद्यार्थीमा आफ्नो परिवार, समाज र प्रकृति संग आपसी सम्बन्ध र अस्तित्व बोध गराई सोही अनुसारको आचरण विकास गराउने उद्देश्यले नेपालमै पहिलो पटक यस नगरपालिकामा लागु गरिएको हाम्रो खुशी पाठ्यक्रम औपचारिक शुभारम्भ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय मन्त्री ज्यूको प्रमुख आतिथ्यतामा २०८१ भाद्र ०८ गते सम्पन्न गरियो।

११. मिति २०८१ असोज १० देखि १२ गते सम्म भएको अविरल वर्षाको कारण नारायणी नदीमा आएको बाढीले प्रभावित परिवारलाई विभिन्न संघसंस्था, निकाय संगको समन्वय तथा साझेदारीमा ७२ लाख ४७ हजार २ सय ६ रुपैया बराबरको राहत सामाग्री वितरण गरियो। बाढीबाट प्रभावित क्षेत्रमा घुम्ती शिविर मार्फत ९१ घरधुरीका २१३२ पशुपन्छीहरुको निशुल्क चेकजाच तथा पशुपन्छीजन्य औषधी वितरण गरियो।

१२. विपन्न परिवारलाई चिसोबाट जोगाउन मध्यविन्दु नगरपालिका वडा नं.१ का २०० घरधुरीलाई न्यानो कपडा लगायतका सामाग्री वितरण गरियो।

१३. सामुदायिक कुकुरहरुको निशुल्क रेबिज रोग बिरुद्धको खोप तथा बन्ध्याकरण कार्यक्रम सञ्चालन गरी २७९ वटा कुकुरहरुको निशुल्क बन्ध्याकरण गरिएको छ।

१४. ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम लगायतका आधारभूत स्वास्थ्य सेवा प्रवाह सञ्चालन गरिएका छन्। स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको आयोजना र मध्यविन्दु नगरपालिकाको समन्वयमा मिति २०८१ पुष २ गते नसर्ने रोगहरुको मास स्क्रिनिङ शिविर बाट वडा नं. १२ मा ६३० जनाको नमुना संकलन गरी २०८१ पुष ३ गते स्वास्थ्य परामर्श प्रदान गरिएको।

भिमलाल अधिकारी
नगर प्रमुख

१५. नगरपालिकाबाट २०६ जनाको अनलाईन श्रम स्वीकृति र ४० जना बालबालिकालाई वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने छात्रवृति प्राप्तिको लागि सहजीकरण गरिएको छ। वैदेशिक रोजगारीमा मृत्यु भएका, बिरामी भई घर फर्केका र वैदेशिक रोजगार सम्बन्धी ठगीका केशहरुबाट घरपरिवार र व्यक्तिलाई बिमा सहित रु. १ करोड ९ लाख आर्थिक सहयता/क्षतिपूर्ति प्राप्त गर्नका लागि सहजीकरण भएको छ।

१६. नगरपालिकाबाट निःशूल्क शववाहन सेवा सुचारु गरी हालसम्म ९४ मृतकका परिवारलाई निःशूल्क शववाहन सेवा प्रदान गरिएको छ।

१७. अरुणखोलाको तटिय क्षेत्रमा बेवारिसे रुपमा रहेको ५१ हाइवा ढुंगा नगर स्तरिय खोला अनुगमन समिति, सशस्त्र प्रहरी बल, जनपथ प्रहरी र नगर प्रहरीको संयुक्त टोलिले नियन्त्रणमा लिई चोरमारा प्रहरी चौकी परिसरमा राखि लिलाम वढावढको प्रक्रियामा रहेको छ।

१८. न्यायिक समिति अन्तर्गत यस अवधिमा ४३ वटा विवादमा मेलमिलाप कायम गरिएको छ भने १ वटा प्रकृयामा रहेको छ।

सभाध्यक्ष महोदय,

आ.व.२०८१/०८२ को विनियोजित बजेटको स्वरुपलाई यथावत कायम राखी केही संशोधित कार्यक्रम र योजनाहरुको विवरण अनुसूची १ मा प्रस्ताव गरेको छु। नगरपालिकाका हरेक गतिविधिहरु समृद्ध मध्यविन्दु, खुसी नगरवासी भन्नेलाई साकार पार्ने तर्फ निर्देशित गरिएको छ। नगरपालिकाको सोँच र नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवं सुशासन मार्फत विकास आवश्यकता र नगरवासीको आकांक्षा पुरा हुँदै जाने विश्वास लिएको छु। यस नगरपालिकाको विकास अभियानमा साथ दिनुहुने सम्पूर्ण नगरबासी, नेपाल सरकार, प्रदेश सरकार, नागरिक समाज तथा गैरसरकारी संघ संस्था, शिक्षक तथा राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी प्रति हार्दिक आभार व्यक्त गर्दछु। हाम्रा सीमित स्रोत साधन र थुप्रै आवश्यकता बीचको असन्तुलनको चुनौतीलाई सामना गर्दै सुन्दर, समृद्ध र विशिष्ट नगर निर्माण कार्यमा आगामी दिनहरुमा समेत यहाँहरुको सक्रिय सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद्।

**भिमलाल अधिकारी**
**नगर प्रमुख**

२. मध्यविन्दु नगरपालिकाका नगर प्रवक्ताद्वारा प्रस्तुत नगर प्रहरी ऐन, २०७९ को संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

| सि.नं. | संशोधन हुने दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|---|---|
| १ | ७ | क) मा थप गरी क), ख) र ग) लाई क्रमश ख), ग) र घ) वनाईएको | नगर प्रहरी सेवामा देहायका पदहरु रहने छन् र रिक्त पदमा खुला प्रतियोगिता द्वारा तथा बढुवा द्वारा पूर्ति गरी नियुक्ति गरिनेछ;<br>क) नगर प्रहरी सहायक निरीक्षक<br>ख) नगर प्रहरी हवल्दार<br>ग) नगर प्रहरी जवान<br>सेवा गठन गर्दाको बखत नगर प्रहरी नियुक्ति गर्दा प्रचलित कानून बमोजिम सेवा करार मार्फत नगर प्रहरी सहायक निरीक्षक-१ जना, नगर प्रहरी हवल्दार-२ जना र नगर प्रहरी जवान- ८ जनाको लागि मात्र गरिनेछ। अन्य व्यवस्था कार्यपालिकाको निर्णय अनुसार हुनेछ। | नगर प्रहरी सेवामा देहायका पदहरु रहने छन् र रिक्त पदमा खुला प्रतियोगिता द्वारा तथा बढुवा द्वारा पूर्ति गरी नियुक्ति गरिनेछ;<br>क) नगर प्रहरी नायव निरीक्षक<br>ख) नगर प्रहरी सहायक निरीक्षक<br>ग) नगर प्रहरी हवल्दार<br>घ) नगर प्रहरी जवान<br>सेवा गठन गर्दाको बखत नगर प्रहरी नियुक्ति गर्दा प्रचलित कानून बमोजिम सेवा करार मार्फत नगर प्रहरी नायव निरीक्षक-१ नगर प्रहरी सहायक निरीक्षक-१ जना, नगर प्रहरी हवल्दार-१ जना र नगर प्रहरी जवान- ८ जनाको लागि मात्र गरिनेछ। अन्य व्यवस्था कार्यपालिकाको निर्णय अनुसार हुनेछ। | नगर प्रहरी परिचालनलाई थप प्रभावकारी बनाउन नगर प्रहरी नायव निरीक्षक को पद थप गरीएको |
| २ | ९ | १) मा थप गरी १), २) र ३) | (१) नगर प्रहरी सहायक निरीक्षक पदको लागि अनुसूची–१ बमोजिमको योग्यता हुनुपर्नेछ। | (१) नगर प्रहरी नायव निरीक्षक पदको लागि अनुसूची–१ बमोजिमको योग्यता हुनुपर्नेछ। | नगर प्रहरी नायव निरीक्षकको लागि |

| सि.नं. | संशोधन हुने दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|---|---|
| | | लाई क्रमश २), ३) र ४) वनाईएको | (२) नगर प्रहरी हवल्दार पदको लागि हुने खुला प्रतियोगितामा भाग लिन अनुसूची-२ बमोजिमको योग्यता हुनुपर्नेछ।<br>(३) नगर प्रहरी जवान पदको लागि हुने खुला प्रतियोगितामा भाग लिन अनुसूची-३ बमोजिमको योग्यता हुनुपर्नेछ। | (२) नगर प्रहरी सहायक निरीक्षक पदको लागि अनुसूची-२ बमोजिमको योग्यता हुनुपर्नेछ।<br>(३) नगर प्रहरी हवल्दार पदको लागि हुने खुला प्रतियोगितामा भाग लिन अनुसूची-३ बमोजिमको योग्यता हुनुपर्नेछ।<br>(४) नगर प्रहरी जवान पदको लागि हुने खुला प्रतियोगितामा भाग लिन अनुसूची-४ बमोजिमको योग्यता हुनुपर्नेछ। | आवश्यक न्युनतम योग्यता तोक्न |
| ३ | | | अनूसुची १ | अनुसूची-१<br>(दफा ९ को उपदफा (१) सँग सम्बन्धित बमोजिम )<br>नगर प्रहरी नायव निरीक्षकको पदको लागिआवश्यक न्यूनतम योग्यताः<br>१. नेपाल प्रहरी, ससस्त्र प्रहरी वा नेपाली सेना बाट सेवा अवकास भई ४५ वर्ष उमेर ननाघेको<br>२. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको, | नगर प्रहरी नायव निरीक्षकको लागि आवश्यक न्युनतम योग्यता तोक्न |

| सि.नं. | संशोधन हुने दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|---|---|
| | | | | ३. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,<br>४. कुनै राजनीतिक दल र सो दलको भातृ संस्था संगठनको सदस्य नरहेको,<br>५. मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको,<br>६. पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१/३३, तौल ५५ के.जी. भएको,<br>७. महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४५ के.जी. भएको,<br>८. आँखा माइनस २ वा प्लस २ भन्दाबढी कमजोर नभएको,<br>९. कुनै सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको,<br>१०.नेपाली नागरिक, | |

| सि.नं. | संशोधन हुने दफा | उपदफा | भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|---|---|
| | | | | ११.कुनै विध्वंसात्मक कार्यमा संलग्न नरहेको,<br>१२.भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको। | |

३. विविध

क. मध्यविन्दु ११ मा रहेको दमार खानेपानी आयोजना मुलको विवादले गर्दा आयोजना कार्यान्वयनमा भएको ढिलाईका विषयमा सबै सदस्यहरुलाई जनाकारी गराईयो। साथै उक्त आयोजनाका लागि नयाँ मुलको खोजी गर्ने र कार्यान्वयन अगाडि बढाउने निर्णय गरियो।

ख. नगरपालिकाको सेवा प्रवाहको सुधारका विषयमा नगरकार्यपालिकामा भएको निर्णय कार्यान्वयनको मूल्याङ्कन प्रतिवेदनमाथि छलफल गरियो।